नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन पोखरा
फोन. ०६१-४६३४८७, इमेलः rd.pokhara1@gmail.com

Government of Nepal
Ministry of Infrastructure Development
Department of Roads
Federal Road Supervision and Monitoring Office
Road Division Pokhara
Phone: 061-463487, Email: rd.pokhara1@gmail.com

# सडक सिमा अतिक्रमण सम्बन्धि अत्यन्तै जरुरी सूचना

## प्रकाशित मिति : २०८३/०५/१६

नेपाल सरकारले विभिन्न समयमा देश भरका सडक सञ्जाल विस्तार, स्तरोन्नती तथा नयाँ निर्माण गर्ने गरिरहेको छ। यसै अनुसार यस सडक डिभिजन पोखरा अन्तर्गत रहेको सिद्धार्थ राजमार्ग **(NH47),** रुपन्देहीको बेलहिया देखि कास्की पोखराको पृथ्वीचोक सम्म र पोखरा बागलुङ सडक (**NH 03**) ,पोखरा जिरो कि. मि देखि पर्बत मालढुंगा सम्म रहेको छ। सार्वजनिक सडक ऐन २०३१ तथा राष्ट्रिय राजमार्गको विशेष निर्णय बाहेक सिदार्थ राजमार्गको केन्द्र रेखाबाट २५ मिटर दायाँ २५ मिटर बाँया तथा सेट ब्याक ६–६ मिटर सहित स्थायी संरचना निर्माण गर्न ३१–३१ मिटरको सीमा निर्धारण गरेको छ। साथै मिति २०४७/१२/११ गतेको राजपत्रमा प्रकाशित सूचना बमोजिम पोखरा बागलुङ राजमार्गको पोखरा जिरो कि. मि देखि याम्दी पुल सम्म,सडकको केन्द्र रेखाबाट १२.५ मिटर दायाँ १२.५ मिटर बाँया गरी जम्मा २५ मिटर ( right of way ) र याम्दी पुलदेखि बागलुङ सम्म राजमार्गको बाँकी सबै सडकको केन्द्र रेखाबाट १५ मिटर दायाँ १५ मिटर बाँया गरी जम्मा ३० मिटर ( right of way ) तथा सेट ब्याक ६–६ मिटर सहित स्थायी संरचना निर्माण गर्न क्रमश १८.५ – १८.५ मिटर र २१-२१ मिटरको सीमा निर्धारण गरेको छ।

सार्वजनिक सडक अतिक्रमण गरी दशकौँदेखि विभिन्न व्यवसाय सञ्चालन गर्ने, आवासीय भवन बनाउने, सडक निर्माणका बेला बनाइएका संरचना जस्तै नाली, कल्भर्ट, पुल, टेवा पर्खाल आदि मोड्ने /पुर्ने, पानीको निकास बन्द गर्ने, डिजाइन भएको भन्दा फरक पारी पानीको निकास गर्ने, घरको Plinth सडक भन्दा अग्लो बनाई सडक किनारा अग्लो बनाउने, अव्यवस्थित शाखा सडक निर्माण गर्ने, शाखा सडकको पानीको निकास राजमार्गमा छाड्ने, सडक क्षेत्र भन्दा बाहिरको पानी प्राबिधिक डिजाइन तथा पूर्व स्वीकृति बिना सडकको side drain मा मिसाउने ,शाखा सडक निर्माण गर्दा निश्चित मापदण्ड तथा ज्यामिति पालना नगर्ने, राजमार्गको नाली पुरेर घरसम्म जाने बाटो बनाउने, खुला नाली पुर्ने, पैदल यात्रु हिँड्ने फुटपाथमा सामग्रीहरू राख्ने आदि कारणहरूले गर्दा सडक आवागमन सुरक्षामा बाधा पुगेकोले सार्वजनिक सडक ऐन २०३१ अनुसार यथाशिघ्र सडक अतिक्रमण हटाई सार्वजनिक सडकको संरक्षण तथा यातायातको अधिकतम उपयोग तथा दिगो, सुरक्षित र प्रविधिमैत्री सडक व्यवस्थापनमा सबैले सहयोग गरिदिनु हुन अनुरोध छ।

पुनश्च :

नेपाल सरकारद्वारा हालसम्म ८० वटा सडकहरु रास्ट्रिय राजमार्गहरुमा सुचिकृत भएका छन। सार्बजनिक सडक ऐन २०३१ र Nepal Road Standard 2070 अनुरुप रास्ट्रिय राजमार्गहरूको सडक सीमा (right of way) ५० मिटर कायम हुने व्यवस्था रहेको समेत सूचित गरिन्छ।

***"सडक सबैको साझा सम्पत्ति हो, यसको संरक्षणमा सबै एकजुट भई लागौं"***

डिभिजन प्रमुख
सडक डिभिजन पोखरा